शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (माननीय मन्त्रीस्तरको निर्णय) बाट मिति २०७८।१२।१४ गते स्वीकृत

# प्रदेशस्थित शिक्षा तालिम केन्द्रमा डिजिटल सिकाइ केन्द्र (Digital Learning Center) स्थापना, विकास र सञ्चालन कार्यविधि, २०७८

**नेपाल सरकार**

**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

**सानोठिमी, भक्तपुर**

चूडामणि पौडेल
महानिर्देशक

**प्रस्तावना :** पेसागत रुपमा सक्षम, दक्ष र अभिप्रेरित शिक्षकबाट नै कक्षाकोठाको शिक्षणसिकाइमा सुधार हुने र यसबाट नै गुणस्तरीय शिक्षा सम्भव भएकाले शिक्षकलाई निरन्तर पेसागत विकास र सहयोगका अवसरहरु उपलब्ध गराउन आवश्यक भएको सन्दर्भमा अनलाइन/भर्चुअल विधिबाट शिक्षक पेसागत विकास तालिम तथा कार्यक्रम सञ्चालन गर्न, भिडियो कन्फरेन्सिङबाट शिक्षक सहायता उपलब्ध गराउन, शिक्षकलगायत सरोकारवालाहरुसँग अनलाइन/भर्चुअल बैठक सञ्चालन गर्न, अनलाइन शिक्षक मेन्टोरिङ सञ्चालन गर्न, शिक्षक पेसागत विकास तथा शिक्षणसिकाइसम्बन्धी अनलाइन कार्यशाला सञ्चालन गर्न, असल अभ्यास तथा अन्वेषणात्मक कार्यको प्रसार गर्न अनलाइन शिक्षक सेमिनार सञ्चालन गर्न, शिक्षक नेटवर्किङ गरी अनलाइन पेसागत सहयोग गर्न प्रदेशस्थित शिक्षा तालिम केन्द्रमा डिजिटल सिकाइ केन्द्र (Digital Learning Center) र सोअन्तर्गत विषयगत Virtual Lab र श्रव्य तथा श्रव्य दृश्य स्टुडियो (Audio and Audio-Visual Studio) स्थापना, विकास र सञ्चालन गर्न तथा जनशक्तिको प्रबन्धसमेत गर्न आवश्यक भएकाले शिक्षा नियमावली, २०५९ को नियम १९२ (ङ) ले दिएको अधिकार प्रयोग गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रले यो कार्यविधि विकास गरी कार्यान्वयनमा ल्याएको छ ।

## परिच्छेद : १

## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम प्रदेशस्थित शिक्षा तालिम केन्द्रमा डिजिटल सिकाइ केन्द्र (Digital Learning Center) स्थापना, विकास र सञ्चालन कार्यविधि, २०७८ रहेको छ ।

(२) यो कार्यविधि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागू हुने छ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) नियमावली भन्नाले शिक्षा नियमावली, २०५९ (संशोधनसहित) सम्झनुपर्छ ।

(ख) तालिम केन्द्र भन्नाले प्रदेशस्थित शिक्षा तालिम केन्द्र सम्झनुपर्छ ।

(ग) तालिम प्रमुख भन्नाले तालिम केन्द्रको प्रमुखलाई सम्झनुपर्छ ।

(घ) प्रशिक्षक भन्नाले तालिम केन्द्रमा कार्यरत विषयगत प्रशिक्षकलाई सम्झनुपर्छ ।

(ङ) मापदण्ड भन्नाले अनुसूची १ मा उल्लेख भएको तालिम केन्द्रमा डिजिटल सिकाइ केन्द्र (Digital learning center) का लागि पुग्नुपर्ने न्यूनतम् मापदण्डलाई सम्झनुपर्छ ।

(च) डिजिटल सिकाइ केन्द्र भन्नाले सिकाइ व्यवस्थापन उपकरण (Learning Management Tools) को प्रयोगबाट अनलाइन (अफलाइनसमेत) शैक्षणिक पेसागत सहायता उपलब्ध गराउने गरी अनुसूची १ मा उल्लिखित न्यूनतम् मापदण्ड पूरा भएको भौतिक पूर्वाधारसहितको डिजिटल प्रविधि र उपकरण जडित, डिजिटल सिकाइ सफ्टवेयर विकास गरिएको तथा विषयगत भर्चुअल ल्याब भएको एवम् श्रव्य तथा श्रव्य-दृश्य स्टुडियोसहितको सिकाइ केन्द्र सम्झनुपर्छ ।



चूडामणि पौडेल
महानिर्देशक

(छ) भर्चुअल ल्याब भन्नाले विज्ञान, गणित लगायतका विषयहरुको वास्तविक प्रयोगशालामा औजार, उपकरण र सामग्रीको प्रयोग गरी प्रयोगात्मक अभ्यास गरिएजस्तै अनलाइन विधिबाट अन्तर्क्रियात्मक तरिकाले नमुना परीक्षण अभ्यास गरी सिकाइ अनुभव आर्जन गर्न सकिने सफ्टवेयरमा आधारित ल्याब भन्ने बुझ्नुपर्छ ।

(ज) श्रव्य तथा श्रव्य-दृश्य स्टुडियो भन्नाले विद्यालयको स्वीकृत पाठ्यक्रममा आधारित भई विभिन्न विषयका पाठहरु भर्चुअल विधिबाट शिक्षण गर्न श्रव्य तथा श्रव्य-दृश्य पाठहरु उत्पादन गर्ने स्टुडियोलाई सम्झनुपर्छ ।

## परिच्छेद : २

## लक्ष्य र उद्‌देश्य

३. **लक्ष्य र उद्‌देश्य :** तालिम केन्द्रमा डिजिटल सिकाइ केन्द्र, विषयगत Virtual ल्याब, श्रव्य तथा श्रव्य दृश्य स्टुडियो स्थापना गर्नुको उद्‌देश्य देहायबमोजिम हुने छ :

**(१) लक्ष्य :**

निरन्तर शिक्षक पेसागत विकास र पेसागत सहयोगमार्फत शिक्षकहरुको कार्यदक्षतामा सुधार गरी विद्यार्थीको सिकाइउपलब्धिमा बढोत्तरी ल्याउनु तथा आपतकालिन अवस्थामा समेत विद्यार्थी सिकाइ निरन्तरतालाई सुनिश्चित गर्नु ।

**(२) उद्‌देश्य :**

(क) अनलाइन अफलाइनबाट निरन्तर शिक्षक पेसागत विकास र पेसागत सहयोग उपलब्ध गराउनु

(ख) शिक्षक तथा विद्यार्थीहरुलाई विज्ञान, गणित लगायतका विषयहरुमा नमुना परीक्षण अभ्यास गरी सिकाइ अनुभव आर्जन गर्न सकिने विषयगत भर्चुअल ल्याबमा पहुँच अभिवृद्धि गर्नु

(ग) तालिम केन्द्रमा भइरहेको ICT ल्याबको सुदृढीकरण गर्नु

(घ) दूर शिक्षा तथा खुला सिकाइ कार्यक्रममा शिक्षकहरुको पहुँच सुनिश्चित गरी आपतकालिन अवस्थामा समेत शिक्षक पेसागत विकास र सहयोगलाई निरन्तरता दिनु

(ङ) दूर शिक्षा तथा खुला सिकाइ कार्यक्रममा विद्यार्थीहरुको पहुँच सुनिश्चित गरी आपतकालिन अवस्थामा समेत विद्यार्थीको सिकाइलाई निरन्तरता दिनु ।



चूडामणि पौडेल
महानिर्देशक

## परिच्छेद : ३

## डिजिटल सिकाइ केन्द्रको विकाससम्बन्धी मापदण्ड

४. **डिजिटल सिकाइ केन्द्र हुन पुग्नुपर्ने मापदण्ड :** तालिम केन्द्रले डिजिटल सिकाइ केन्द्र र सोअन्तर्गत विषयगत Virtual ल्याब, श्रव्य तथा श्रव्य दृश्य स्टुडियो स्थापना र विकास देहायबमोजिम गर्नुपर्ने छ :

(क) तालिम केन्द्रले डिजिटल सिकाइ केन्द्र स्थापना, विकास र सञ्चालन गर्नका लागि मापदण्ड पूरा गर्नुपर्ने छ ।

(ख) तालिम केन्द्रले डिजिटल सिकाइ केन्द्रमा मापदण्डबमोजिम फर्निचर तथा फिक्चर्स, बत्ती, प्रविधि तथा उपकरण जडान गर्नुपर्ने छ ।

(ग) तालिम केन्द्रले डिजिटल सिकाइ केन्द्रका लागि आफ्नो Website विकास गरी त्यससँगै मापदण्डबमोजिम Online Learning Portal विकास गरी विद्यार्थी, शिक्षक, प्रशिक्षक आदि सरोकारवालाको सहज पहुँच सुनिश्चित गर्ने, e-library access, Archive, Learner corner, Instructor corner, Resource corner आदि विकास गरी सरोकारवालाको पहुँच सुनिश्चित गर्नुपर्ने छ ।

(घ) तालिम केन्द्रले डिजिटल सिकाइ केन्द्रमा मापदण्डबमोजिम Web seminar, Video conferencing, Teacher mentoring/teacher support आदि सञ्चालन गर्न सक्ने गरी Software विकास गर्नुपर्ने छ ।

(ङ) तालिम केन्द्रले डिजिटल सिकाइ केन्द्रमा मापदण्ड पूरा गरी आधारभूत तह र माध्यमिक तहको कम्तिमा विज्ञान, गणित र सामाजिक विषयको पाठ्यक्रममा आधारित भई भर्चुअल ल्याब विकास गरी ती विषयहरुमा शिक्षक र विद्यार्थीहरुको नमुना प्रयोगात्मक क्रियाकलापमा पहुँच सुनिश्चित गर्नुपर्ने छ ।

(च) तालिम केन्द्रले मापदण्ड पूरा गरी दूर शिक्षा तथा खुला सिकाइ कार्यक्रममा शिक्षक र विद्यार्थीहरुको पहुँच सुनिश्चित गर्न श्रव्य तथा श्रव्य-दृश्य पाठहरु उत्पादन र प्रसारणका लागि एक सुविधासम्पन्न श्रव्य तथा श्रव्य-दृश्य स्टुडियो निर्माण तथा विकास गर्नुपर्ने छ ।

## परिच्छेद : ४

## डिजिटल सिकाइ केन्द्र स्थापना, विकास र सञ्चालन प्रक्रिया

५. **सञ्चालन प्रक्रिया :** तालिम केन्द्रले डिजिटल सिकाइ केन्द्र, विषयगत Virtual ल्याब, श्रव्य तथा श्रव्य दृश्य स्टुडियो स्थापना, विकास र सञ्चालन देहायबमोजिम गर्नुपर्ने छ :

(क) डिजिटल सिकाइ केन्द्र, विषयगत Virtual ल्याब, श्रव्य तथा श्रव्य दृश्य स्टुडियो स्थापनाका लागि आवश्यक भौतिक पूर्वाधारको व्यवस्था गर्ने । यसका लागि तालिम केन्द्रमा भइरहेको उपयुक्त भौतिक संरचना (भवन, कोठा आदि) लाई मापदण्डबमोजिम हुने गरी उपयोगमा ल्याउनुपर्ने छ ।



चूडामणि पौडेल
महानिर्देशक

(ख) तालिम केन्द्रमा डिजिटल सिकाइ केन्द्र, विषयगत Virtual ल्याब, श्रव्य तथा श्रव्य दृश्य स्टुडियो स्थापना, विकास र सञ्चालनका लागि आवश्यक उपकरण, यन्त्र, सामग्री, साधन, सफ्टवेयर आदि खरिद गर्नुपर्ने छ।

(ग) तालिम केन्द्रले डिजिटल सिकाइ केन्द्र, सफ्टवेयर विकास, विषयगत Virtual ल्याब, श्रव्य तथा श्रव्य दृश्य स्टुडियो स्थापना, विकास र सञ्चालनका लागि आवश्यक उपकरण, यन्त्र, सामग्री, साधन, सफ्टवेयर आदि खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ तथा अन्य प्रचलित ऐन कानुनको परिधिभित्र रहेर आवश्यक प्रकिया पूरा गरी खरिद गर्नुपर्ने छ।

(घ) तालिम केन्द्रले मापदण्डबमोजिम खरिद गरिएका उपकरण, यन्त्र, सामग्री, साधन, सफ्टवेयर आदिको प्रचलित ऐन कानुनबमोजिम जिन्सी लगायतका अभिलेख व्यवस्थापन गर्नुपर्ने छ।

(ङ) तालिम केन्द्रले डिजिटल सिकाइ केन्द्र, सफ्टवेयर विकास, विषयगत Virtual ल्याब, श्रव्य तथा श्रव्य दृश्य स्टुडियो स्थापना र विकास गरेसँगै तुरुन्तै सञ्चालनमा ल्याउनुपर्ने छ।

(च) तालिम केन्द्रले प्रचलित कानुनबमोजिम लेखापरीक्षण गराई लेखापरीक्षण प्रतिवेदन व्यवस्थित गर्नुपर्ने छ।

६. **समितिसम्बन्धी व्यवस्था :** (१) तालिम केन्द्रले तोकिएको मापदण्ड पूरा गरी डिजिटल सिकाइ केन्द्र, विषयगत Virtual ल्याब, श्रव्य तथा श्रव्य दृश्य स्टुडियो स्थापना, विकास र सञ्चालन कार्यलाई गुणस्तरीय र प्रभावकारी बनाउन तथा समयसापेक्ष सुधार गर्दै लैजान तालिम केन्द्रलाई सिफारिस गर्न एक समन्वय समिति रहने छ।

(२) समन्वय समितिको गठन देहायबमोजिम हुने छ :

(क) तालिम केन्द्रका तालिम प्रमुख - संयोजक

(ख) प्रदेशस्थित शिक्षा हेर्ने मन्त्रालयले तोकेको नवौँ/दशौँ तहको अधिकृत कर्मचारी - सदस्य

(ग) प्रदेश शिक्षा विकास निर्देशनालयले तोकेको नवौँ/दशौँ तहको अधिकृत कर्मचारी - सदस्य

(घ) तालिम केन्द्र रहेको जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख - सदस्य

(ङ) तालिम केन्द्र रहेको नगरपालिका/गाउँपालिकाको शिक्षा शाखा प्रमुख - सदस्य

(च) तालिम केन्द्र रहेको जिल्लाको शिक्षक महासंघका अध्यक्ष वा निजले तोकेको प्रतिनिधि - सदस्य

(छ) तालिम प्रमुखले तोकेको प्रशिक्षक/अधिकृत - सदस्य सचिव

(३) समन्वय समितिको बैठक आवश्यकताअनुसार बस्न सक्ने छ।



चूडामणि पौडेल
महानिर्देशक

(४) तालिम केन्द्र रहेको जिल्लामा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा धार सञ्चालित विद्यालयमा सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित विज्ञलाई बैठकमा आमन्त्रण गर्न सकिने छ ।

७. **समितिको काम, कर्तव्य र अधिकार :** समन्वय समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ :

(क) डिजिटल सिकाइ केन्द्र र सोअन्तर्गत विषयगत भर्चुअल ल्याब एवम् श्रव्य तथा श्रव्य दृश्य स्टुडियो स्थापना, विकास र सञ्चालनका लागि मापदण्डअनुसार तालिम केन्द्रको भौतिक संरचनाको अवलोकन गरी सिफारिस गर्ने ।

(ख) तोकिएको मापदण्ड पूरा गरी डिजिटल सिकाइ केन्द्र र सोअन्तर्गत विषयगत भर्चुअल ल्याब एवम् श्रव्य तथा श्रव्य दृश्य स्टुडियो स्थापना र विकासका लागि आवश्यकताअनुसार सुझाव दिने ।

(ग) डिजिटल सिकाइ केन्द्र, विषयगत भर्चुअल ल्याब र श्रव्य तथा श्रव्य दृश्य स्टुडियोको अवलोकन गरी सुधारका लागि सुझाव दिने ।

(घ) डिजिटल सिकाइ केन्द्र र विषयगत भर्चुअल ल्याबमा प्रशिक्षक, शिक्षक र विद्यार्थीहरुको सहज पहुँच र यसको अधिकतम् उपयोगका लागि आवश्यक कार्य गर्ने ।

(ङ) सुविधासम्पन्न श्रव्य तथा श्रव्य दृश्य स्टुडियो स्थापना र विकास तथा त्यसको अधिकतम् उपयोगको व्यवस्था गरी दूर शिक्षा तथा खुला सिकाइ कार्यक्रममा शिक्षक र विद्यार्थीहरुको पहुँच सुनिश्चित गर्न आवश्यक कार्य गर्ने ।

(च) डिजिटल सिकाइ केन्द्रको व्यापक प्रचार प्रसार गरी अधिकतम् उपयोग गरी पेसागत विकास गर्न शिक्षकलाई अभिप्रेरित गर्न कार्य गर्ने ।

(छ) डिजिटल सिकाइ केन्द्रको अधिकतम् उपयोग गर्न स्थानीय तह र विद्यालयहरुसँग प्रभावकारी समन्वय गर्न आवश्यक कार्य गर्ने ।

(ज) श्रव्य तथा श्रव्य दृश्य पाठ उत्पादन तथा प्रसारणको आवश्यक व्यवस्था गर्ने ।

(झ) श्रव्य दृश्य पाठ प्रसारणमा साङ्केतिक भाषाको प्रयोगलाई सुनिश्चित व्यवस्था गर्ने ।

(ञ) डिजिटल सिकाइ केन्द्रबाट प्रवाह हुने सेवालाई सदैब प्रभावकारी र गुणस्तरीय बनाउन आवश्यक व्यवस्था गर्ने ।

८. **संयोजकको व्यवस्था :**

डिजिटल सिकाइ केन्द्र, विषयगत भर्चुअल ल्याब र श्रव्य तथा श्रव्य दृश्य स्टुडियोको विकास, अधिकतम् उपयोग, प्रचार प्रसार, मर्मत सम्भार, समन्वय, अभिमुखीकरण, अभिलेख व्यवस्थापन, प्रतिवेदन आदि कार्यका लागि तालिम प्रमुखले एकजना प्रशिक्षक/शाखा अधिकृतलाई संयोजक तोक्नुपर्ने छ । निजले डिजिटल सिकाइ केन्द्रको अवस्था, उपयोग र सुधार गर्नुपर्ने पक्षहरु औंल्याई प्रत्येक ३/३ महिनामा तालिम प्रमुखलाई लिखित रुपमा जानकारी गराउनुपर्ने छ ।



चूडामणि पौडेल
महानिर्देशक

## परिच्छेद : ५

## विविध

**९. प्रतिवेदन गर्ने :**

तालिम केन्द्रले डिजिटल सिकाइ केन्द्र, विषयगत Virtual ल्याब, श्रव्य तथा श्रव्य दृश्य स्टुडियो स्थापनाका लागि आवश्यक भौतिक पूर्वाधारको व्यवस्था गरी प्रचलित ऐन कानुनबमोजिम आवश्यक उपकरण, यन्त्र, सामग्री, साधन, सफ्टवेयर आदि खरिद गरी सोको जिन्सी लगायतका अभिलेख व्यवस्थापन गरी सोको विस्तृत प्रतिवेदन प्रदेशस्थित शिक्षा हेर्ने मन्त्रालय, शिक्षा तथा तथा मानव स्रोत विकास केन्द्र र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई पठाउनुपर्ने छ ।

**१०. अभिमुखीकरण गर्ने :**

तालिम केन्द्रले डिजिटल सिकाइ केन्द्र र सोअन्तर्गत विषयगत Virtual ल्याब र श्रव्य तथा श्रव्य दृश्य स्टुडियो स्थापना गर्ने कार्य सम्पन्न गरेपछि सम्बन्धित सरोकारवालाहरुलाई जानकारी दिलाउन त्यसको प्रसार (Dissemination) र अभिमुखीकरण (Orientation) कार्यक्रम सञ्चालन गर्नुपर्ने छ ।

**११. गुणस्तर सुनिश्चितता तथा अनुगमन :**

तालिम केन्द्रमा डिजिटल सिकाइ केन्द्र र सोअन्तर्गत विषयगत Virtual ल्याब, श्रव्य तथा श्रव्य दृश्य स्टुडियो स्थापना, विकास र सञ्चालन कार्यलाई गुणस्तरीय, प्रभावकारी र दिगो बनाउन शिक्षा तालिम केन्द्रले आवश्यक सूचकहरुसमेत विकास गरी अधिकतम् प्रयास गर्ने छ । प्रदेशस्थित शिक्षा हेर्ने मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्रले अनुसूची २ बमोजिमको अनुगमन रुजुसूचीका आधारमा एकल वा संयुक्त रुपमा यसको प्रभावकारी अनुगमनको व्यवस्था मिलाउनुपर्ने छ ।

**१२. सेवाको पारदर्शिता :**

तालिम केन्द्रले डिजिटल सिकाइ केन्द्र र विषयगत Virtual ल्याबमा विद्यार्थी, शिक्षक, प्रशिक्षक, विज्ञ तथा शिक्षासम्बद्ध सरोकारवालाहरुको समतामूलक पहुँच सुनिश्चित गर्नुपर्ने छ । डिजिटल सिकाइ केन्द्र र विषयगत Virtual ल्याबबाट सम्बन्धित सरोकारवालाले कसरी सिक्न सक्छन् ? यसको उपयोग कसरी गर्न सक्छन् ? यसबाट के के कुराहरु सिक्न सक्छन् अर्थात यसबाट कसरी ज्ञान तथा सिपको दायरा बढाउन सक्छन् ? सिकाइका लागि के के सुविधाहरु उपलब्ध छन् ? आदिका बारेमा ब्रोसर छपाई वितरण गर्ने, निर्देशिका बनाई सार्वजनिक गर्ने, आचारसंहिता बनाउने, नागरिक बडापत्र बनाई कार्यान्वयनमा ल्याउने, तालिम केन्द्रको ध्भदकष्तभ मा सूचनामूलक सामग्री राख्ने, तालिम केन्द्रका सामाजिक सञ्जालमा अद्यावधिक गर्ने, सामाजिक परीक्षण गर्ने आदि उपायहरु अवलम्बन गरी सेवाको पारदर्शिता सुनिश्चित गर्नुपर्ने छ । यसैगरी श्रव्य तथा श्रव्य दृश्य स्टुडियोबाट प्रवाह हुने सेवाको पारदर्शितासमेत सुनिश्चित गर्नुपर्ने छ ।



चूडामणि पौडेल
महानिर्देशक

**१३. कर्मचारीसम्बन्धी व्यवस्था :**

तालिम केन्द्रले डिजिटल सिकाइ केन्द्र र सोअन्तर्गत विषयगत Virtual ल्याब र श्रव्य तथा श्रव्य दृश्य स्टुडियो स्थापना, विकास र सञ्चालन कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन प्रचलति कानुनबमोजिम सम्बन्धित विषयको विज्ञबाट सेवा करार गरी काममा लगाउनुपर्ने छ ।

**१४. पृष्ठपोषण लिने :**

तालिम केन्द्रले डिजिटल सिकाइ केन्द्र र अन्तर्गतको विषयगत Virtual ल्याब तथा श्रव्य तथा श्रव्य दृश्य स्टुडियो सञ्चालनमा ल्याएपछि प्रयोगकर्ताहरुबाट निरन्तर रचनात्मक पृष्ठपोषण दिने र पृष्ठपोषणका आधारमा सुधार गर्दै जाने व्यवस्था मिलाउनुपर्ने छ ।

**१५. कार्यविधिमा संसोधनसम्वन्धी व्यवस्था :**

यो कार्यविधि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले आवश्यकताअनुसार संशोधन गर्न सक्ने छ ।



चूडामणि पौडेल
महानिर्देशक

## अनुसूची १
## तालिम केन्द्रमा डिजिटल सिकाइ केन्द्र (Digital Learning Center) को न्यूनतम् मापदण्ड

| क.स. | भौतिक पूर्वाधार, उपकरण, यन्त्र, सामग्री, सफ्टवेयरको विवरण | सङ्ख्या/थान | कैफियत |
|---|---|---|---|
| **१** | **Digital Learning Center का लागि कोठा** | १ | शिक्षा तालिम केन्द्रमा भएको कोठा उपयोगमा ल्याउने |
| १.१ | फराकिलो कोठा (३० फिट X २५ फिटको) | | |
| १.२ | हावा खेल्ने | | |
| १.३ | उज्यालो | | |
| १.४ | कार्पेटिङ वा पार्केटिङ गरिएको भुईं | | |
| १.५ | भित्तामा वाल पुटिङ गरिएको | | |
| १.६ | फल्स सिलिङ राखिएको | | |
| १.७ | Air Conditioners | २(२टन) | |
| १.८ | Sound Proofing | | |
| १.९ | आकर्षक सजावट | | |
| **२** | **फर्निचर तथा फिक्चर्स व्यवस्था** | | |
| २.१ | Movable टेवल (६ फिट X ४ फिट) | ७ | |
| २.२ | आरामदायी र टिक्ने खालका घुम्ने कुर्ची | २१ | |
| २.३ | प्रोजेक्सन स्क्रिन | १ | |
| **३** | **बत्तीको व्यवस्था** | | |
| ३.१ | सिलिङमा बत्ती | | |
| ३.२ | वालमा बत्ती | | |
| ३.३ | Voltage Regulator | १ | |
| ३.४ | Electrical power to accommodate all devices | | |
| ३.५ | Power Back up System/Inverter | | |
| **४** | **प्रविधि र उपकरण जडान** | | |
| ४.१ | कम्तिमा ५५ इन्चको LCD TV Monitor | २ | |
| ४.२ | ल्याप टप कम्प्युटर | ७ | |
| ४.३ | Classroom Capture Camera | ३ | |
| ४.५ | प्रिन्टर, स्क्यानर र फोटोकपी मेशिन (3 in 1) | १ | |
| ४.६ | Interactive White Board (Smart Board) | १ | |
| ४.८ | Wireless Headphone | ३ | |
| ४.९ | Ceiling Mounted Projector | १ | |
| ४.९ | Audio amplification system and speakers | १ | |
| ४.१० | उच्च गतिको Wireless Internet (WiFi) | १ | |
| ४.११ | Video Conferencing को प्रवन्ध | १ | |
| **५** | **Digital learning Software विकास** | | |
| ५.१ | Website विकास गरी देहायका पक्षहरु समावेश गर्ने : | | |
| ५.१.१ | Online Learning Portal विकास गर्ने | | |
| ५.१.२ | e-library access/CEHRD Virtual class links, Archive | | |



चूडामणि पौडेल
महानिर्देशक

| क.स. | भौतिक पूर्वाधार, उपकरण, यन्त्र, सामग्री, सफ्टवेयरको विवरण | सङ्ख्या/थान | कैफियत |
|---|---|---|---|
| ५.१.३ | Learner Corner, Instructor Corner / Resource Corner को व्यवस्था | | |
| ५.१.४ | Online Mentoring, Virtual lab | | |
| ५.१.५ | Self-professional training | | |
| ५.१.६ | Online Evaluation/Examination | | |
| ५.१.७ | Online Certification | | |
| ५.१.८ | Research and Development | | |
| ५.१.९ | Accreditation of research works for career development and rewards | | |
| ५.१.१० | Material developments | | |
| ५.१.११ | Audio-videos | | |
| ५.१.१२ | Self-evaluation tools | | |
| ५.१.१३ | Connecting rooms for global learning | | |
| ५.१.१४ | e-record management | | |
| ५.१.१५ | Teaching learning Apps | | |
| ५.१.१६ | Teacher e-portfolios of the catchment areas | | |
| ५.१.१७ | Web seminar, educast, Makerspace etc | | |
| **६** | **विषयगत Virtual ल्याबका लागि software विकास (आधारभूत तथा माध्यमिक तहमा केन्द्रित)** | | |
| ६.१ | विज्ञान Virtual ल्याव (कक्षा ४-१२) | | |
| ६.२ | गणित Virtual ल्याव (कक्षा ४-१२) | | |
| ६.३ | सामाजिक Virtual ल्याव (कक्षा ४-१२) | | |
| **७** | **Audio Visual Studio Set Up** | | |
| ७.१ | Professional video camera with card, bag, accessories and an extra battery | ३ | |
| ७.२ | Tripod (Professional) | ३ | |
| ७.३ | Video Switcher (Rack Mount) | १ | |
| ७.४ | Video Switcher (Portable) | १ | |
| ७.५ | Intercom System 8 channel | १ | |
| ७.६ | Studio light upto 1200 LED with stand | ६ | |
| ७.७ | High configuration desktop computer with 28 Inch Monitor | ३ | |
| ७.८ | High configuration laptop | ३ | |
| ७.९ | Headphone | ३ | |
| ७.१० | Wireless microphone | ३ | |
| ७.११ | Sound Mixture with AMP 12 channel (Digital) | १ | |
| ७.१२ | Disk station upto 60 TB | १ | |
| ७.१३ | Video recorder (Internal) | २ | |
| ७.१४ | Video recorder (External) | २ | |
| ७.१५ | Smart television upto 55 Inch | ३ | |
| ७.१६ | Cable, connectors, converters (HD to SDI, SDI to HD, High speed LAN switch, HD-SDI | १ | |



चूडामणि पौडेल
महानिर्देशक

| क.स. | भौतिक पूर्वाधार, उपकरण, यन्त्र, सामग्री, सफ्टवेयरको विवरण | सङ्ख्या/थान | कैफियत |
|---|---|---|---|
| | distributer) and installation | | |
| ७.१७ | Software (Adobe master) | १ | |
| ७.१८ | UPS (power supply) 10 KVA | १ | |
| ७.१९ | Air conditioner 2 Ton | २ | |
| ७.२० | DSLR Camera body FX, Lens, Speedlight, Accessories | १ | |
| ७.२१ | Studio interior (Furniture, sound proofing and color) | १ | |
| ७.२२ | श्रव्य दृश्य स्टुडियो स्थापनाका लागि १५ फिट X २० फिट क्षेत्रफलको २ ओटा कोठा (उज्यालो, हावा खेल्ने, पार्केटिङ तथा कार्पेटिङ, फल्स सिलिङ, लाइटिङ सिस्टम, साउण्ड प्रुफिङ आदिसहितको) | | शिक्षा तालिम केन्द्रमा भएको कोठा उपयोगमा ल्याउने |
| **८** | **अन्य** | | |
| ८.१ | Fire Extinguisher | १ | |
| ८.२ | Digital Clock | १ | |
| ८.३ | Thermal Flask | १ | |
| ८.४ | Dust Bin | १ | |
| ८.५ | वाहिरी हल्ला वा आवाजमुक्त | | |
| **९** | **Digital Learning Center सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन** | | |
| **१०** | **विषयगत Virtual ल्याब उपयोगसम्बनधी अभिमुखीकरण सञ्चालन** | | |
| **११** | **Audio Visual Studio सञ्चालन र श्रव्य दृश्य सामग्री उत्पादन तथा प्रसारणसम्बन्धी तालिम सञ्चालन** | | |
| **११** | **श्रव्य तथा श्रव्य दृश्य सामग्री उत्पादन प्रारम्भ** | | |
| **१२** | **श्रव्य तथा श्रव्य दृश्य सामग्री उत्पादनका लागि रेडियो र टेलिभिजनसँग सम्झौता र प्रसारण** | | |



चूडामणि पौडेल
महानिर्देशक

## अनुसूची २

## अनुगमन रुजुसूची

| क.स. | भौतिक पूर्वाधार, उपकरण, यन्त्र, सामग्री, सफ्टवेयरको विवरण | थान | छ | छैन | टिप्पणी |
|---|---|---|---|---|---|
| **१** | **Digital Learning Center का लागि कोठा** | | | | |
| १.१ | फराकिलो कोठा (३० फिट X २५ फिटको) | | | | |
| १.२ | हावा खेल्न सक्ने अवस्था | | | | |
| १.३ | उज्यालो कोठा | | | | |
| १.४ | कार्पेटिङ वा पार्केटिङ गरिएको भुइँ | | | | |
| १.५ | भित्तामा वाल पुटिङ गरिएको | | | | |
| १.६ | फल्स सिलिङ राखिएको | | | | |
| १.७ | २ टनका Air Conditioners | २ | | | |
| १.८ | Sound Proofing को व्यवस्था | | | | |
| १.९ | आकर्षक सजावट | | | | |
| **२** | **फर्निचर तथा फिक्चर्स व्यवस्था** | | | | |
| २.१ | Movable टेबल (६ फिट X ४ फिट) | ७ | | | |
| २.२ | आरामदायी र टिक्ने खालका घुम्ने कुर्ची | २१ | | | |
| २.३ | प्रोजेक्सन स्क्रिन | | | | |
| **३** | **बत्तीको व्यवस्था** | | | | |
| ३.१ | सिलिङमा बत्ती | | | | |
| ३.२ | वालमा बत्ती | | | | |
| ३.३ | Voltage Regulator | | | | |
| ३.४ | Electrical power to accommodate all devices | | | | |
| ३.५ | Power Back up System/Inverter | | | | |
| **४** | **प्रविधि र उपकरण जडान** | | | | |
| ४.१ | कम्तिमा ५५ इन्चको LCD TV Monitor | २ | | | |
| ४.२ | ल्याप टप कम्प्युटर | ७ | | | |
| ४.३ | Classroom Capture Camera | ३ | | | |
| ४.५ | प्रिन्टर, स्क्यानर र फोटोकपी मेशिन (3 in 1) | | | | |
| ४.६ | Interactive White Board (Smart Board) | १ | | | |
| ४.८ | Wireless Headphone | | | | |
| ४.९ | Ceiling Mounted Projector | | | | |
| ४.९ | Audio amplification system and speakers | | | | |
| ४.१० | उच्च गतिको Wireless Internet (WiFi) | | | | |
| ४.११ | Video Conferencing को प्रवन्ध | | | | |
| **५** | **Digital learning Software विकास** | | | | |
| ५.१ | Website विकास गरी देहायका पक्षहरु : | | | | |
| ५.१.१ | Online Learning Portal विकास गर्ने | | | | |
| ५.१.२ | e-library access/CEHRD Virtual class links, Archive | | | | |
| ५.१.३ | Learner Corner, Instructor Corner / Resource Corner को व्यवस्था | | | | |



चूडामणि पौडेल
महानिर्देशक

| क.स. | भौतिक पूर्वाधार, उपकरण, यन्त्र, सामग्री, सफ्टवेयरको विवरण | थान | छ | छैन | टिप्पणी |
|---|---|---|---|---|---|
| ५.१.४ | Online Mentoring, Virtual lab | | | | |
| ५.१.५ | Self-professional training | | | | |
| ५.१.६ | Online Evaluation/Examination | | | | |
| ५.१.७ | Online Certification | | | | |
| ५.१.८ | Research and Development | | | | |
| ५.१.९ | Accreditation of research works for career development and rewards | | | | |
| ५.१.१० | Material developments | | | | |
| ५.१.११ | Audio-videos | | | | |
| ५.१.१२ | Self-evaluation tools | | | | |
| ५.१.१३ | Connecting rooms for global learning | | | | |
| ५.१.१४ | e-record management | | | | |
| ५.१.१५ | Teaching learning Apps | | | | |
| ५.१.१६ | Teacher e-portfolios of the catchment areas | | | | |
| ५.१.१७ | Web seminar, educast, Makerspace etc | | | | |
| **६** | **विषयगत Virtual ल्याबका लागि software विकास (आधारभूत तथा माध्यमिक तहमा केन्द्रित)** | | | | |
| ६.१ | विज्ञान Virtual ल्याव (कक्षा ४-१२) | | | | |
| ६.२ | गणित Virtual ल्याव (कक्षा ४-१२) | | | | |
| ६.३ | सामाजिक Virtual ल्याव (कक्षा ४-१२) | | | | |
| **७** | **Audio Visual Studio Set Up** | | | | |
| ७.१ | Professional video camera with card, bag, accessories and an extra battery | ३ | | | |
| ७.२ | Tripod (Professional) | ३ | | | |
| ७.३ | Video Switcher (Rack Mount) | १ | | | |
| ७.४ | Video Switcher (Portable) | १ | | | |
| ७.५ | Intercom System 8 channel | १ | | | |
| ७.६ | Studio light upto 1200 LED with stand | ६ | | | |
| ७.७ | High configuration desktop computer with 28 Inch Monitor | ३ | | | |
| ७.८ | High configuration laptop | ३ | | | |
| ७.९ | Headphone | ३ | | | |
| ७.१० | Wireless microphone | ३ | | | |
| ७.११ | Sound Mixture with AMP 12 channel (Digital) | १ | | | |
| ७.१२ | Disk station upto 60 TB | १ | | | |
| ७.१३ | Video recorder (Internal) | २ | | | |
| ७.१४ | Video recorder (External) | २ | | | |
| ७.१५ | Smart television upto 55 Inch | ३ | | | |
| ७.१६ | Cable, connectors, converters (HD to SDI, SDI to HD, High speed LAN switch, HD-SDI distributer) and installation | १ | | | |



चूडामणि पौडेल
महानिर्देशक

| क.स. | भौतिक पूर्वाधार, उपकरण, यन्त्र, सामग्री, सफ्टवेयरको विवरण | थान | छ | छैन | टिप्पणी |
|---|---|---|---|---|---|
| ७.१७ | Software (Adobe master) | १ | | | |
| ७.१८ | UPS (power supply) 10 KVA | १ | | | |
| ७.१९ | Air conditioner 2 Ton | २ | | | |
| ७.२० | DSLR Camera body FX, Lens, Speedlight, Accessories | १ | | | |
| ७.२१ | Studio interior (Furniture, sound proofing and color) | १ | | | |
| ७.२२ | श्रव्य दृश्य स्टुडियो स्थापनाका लागि १५ फिट X २० फिट क्षेत्रफलको २ ओटा कोठा (उज्यालो, हावा खेल्ने, पार्केटिङ तथा कार्पेटिङ, फल्स सिलिङ, लाइटिङ सिस्टम, साउण्ड प्रुफिङ आदिसहितको) | | | | |
| **८** | **अन्य** | | | | |
| ८.१ | Fire Extinguisher | १ | | | |
| ८.२ | Digital Clock | १ | | | |
| ८.३ | Thermal Flask | १ | | | |
| ८.४ | Dust Bin | १ | | | |
| ८.५ | वाहिरी हल्ला वा आवाजमुक्त | | | | |
| **९** | **Digital Learning Center सम्बन्धी अभिमुखीकरण कार्यक्रम भएको** | | | | |
| **१०** | **विषयगत Virtual ल्याब उपयोगसम्बन्धी अभिमुखीकरण भएको** | | | | |
| **११** | **Audio Visual Studio सञ्चालन र श्रव्य दृश्य सामग्री उत्पादन तथा प्रसारणसम्बन्धी तालिम सञ्चालन भएको** | | | | |
| **११** | **श्रव्य तथा श्रव्य दृश्य सामग्री उत्पादन भएको** | | | | |
| **१२** | **श्रव्य तथा श्रव्य दृश्य सामग्री उत्पादनका लागि रेडियो र टेलिभिजनसँग सम्झौता र प्रसारण भएको** | | | | |

अनुगमनकर्ताको अन्य टिप्पणी र सुझाव :

१३

चूडामणि पौडेल
महानिर्देशक